फोन :- ०६८४२११००, ०६८४२११०१
वेब साइट :- jaiminimun.gov.np
इमेल :- jaiminimun@gmail.com

# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कुश्मीसेरा, बागलुङ

**प.स.: ०७४/०७५**
**च.न.:**

**४ नं.प्रदेश, नेपाल**

# शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिती २०७४/१२/१५**

यस नगर कार्यपालिकाको कार्यालय मा निम्न खरीद कार्य सिलबन्दी बोलपत्रको माध्यमद्धारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र सम्बन्धि कागजात उल्लेखित फाराम दस्तुर (फिर्ता नहुने गरी) ग्लोबल बैंक लि कुश्मिशेरा शाखामा यस कार्यालयको सचित कोष खाता नं 4501010000120 मा बुझाई सक्कल भौचर, चालु आ.व.को लागि नवीकरण भएको आपुर्ति ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आ.व. ०७३।०७४ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. खरिद भएको बोलपत्रमा भर्नुपर्ने सबै विवरणहरू प्रष्टसंग भरी प्रत्येक पानामा सही छाप गरी यस कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं. कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र मोबाइल नं स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही अन्तिम दिनको १:०० वजे बोलपत्रदाता वा नीजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा नीजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र जमानत बापतको तल उल्लेखित रकम ग्लोबल बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. 4501010000123 मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।
४. बोलपत्र स्वीकृत भएपछि बोलपत्रमूल्यको पाँच (५) प्रतिशतले हुने रकम बराबरको नगद भौचर वा मालसामानको वारेन्टी अवधिको लागि मान्य हुने कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।
५ बोलपत्र मा मूल्य अभिबृद्धि कर ( VAT) वाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।
६. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
७. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । उत्पादक कम्पनी को Brochure अनिबार्य पेश गर्नु पर्नेछ ।
८. एक फर्मको नाममा खरीद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।
९.बोलपत्र खरिद गर्ने ,दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
१० कुनै पनि कारण जनाइ वा नजनाइ सम्पुर्ण वा आंशिक रुपमा सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
११ नेपाल सरकारले लगाएको सम्पूर्ण कर, भन्सार शुल्क, तथा अन्य शुल्कहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।
१२. बोलपत्र, स्पेसिफिकेशन, मुल्य अंकित परिमाण सूचि र अन्य सम्बन्धित कागजातरुमा कुनै त्रुटि वा फरक पर्न गएमा कार्यालयले जुन सुकै बखतमा सच्याउन सक्नेछ र सो को जानकारी कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।
१३. बोलपत्र सम्वन्धी अन्य आवश्यक कुरा बुझ्नुपरे कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।
१४. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।
१५ कामको विवरण निम्नानुसार रहेको छ ।

| सि नं | सिलबन्दी बोलपत्र नं | कामको विवरण | बोलपत्र जमानत रकम | फारम दस्तुर |
|---|---|---|---|---|
| १ | | Pickup Vehicle (min 120 PS) खरिद | रु. 82,000 | रु. 3,000 |